**आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली**

**मितिः २३ नवम्बर २०२५**

*समयः ७:२५ - ७:३५ बजे*

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले हिज दक्षिण अफ्रीकाको जोहान्सबर्गमा जी-20 नेताहरुको शिखर सम्मेलनको पहिलो दिन विश्वको विकासको उद्देश्यले 6 वटा नयाँ पहलहरुको प्रस्ताव राख्नुभयो।
- प्रधानमंत्री नरेन्द्र मोदीले हिज जोहान्सबर्गमा जी-20 शिखर सम्मेलन देखि छुट्टै बिभिन्न वैश्विक नेताहरुसित भेट गर्नुभयो।
- केन्द्र सरकारले चण्डीगढ केन्द्र शासित प्रदेशलाई संविधानको अनुच्छेद- २४० को परिधि भित्र समावेश गर्ने प्रस्ताव गरेको छ ।
- संस्कृति मंत्रालयको सहयोगमा प्रसार भारतीले, देश भरीमा 24 केंद्रहरुमा आकाशवाणी संगीत सम्मेलनको आयोजना गरिरहेको छ।
- भारतीय शटलर लक्ष्य सेन अस्ट्रेलियन ओपनको पुरुष एकलको फाइनलमा पुगेका छन्।

**पीएम-जी-20**

प्रधानमंत्री नरेन्द्र मोदीले हिज दक्षिण अफ्रीकाको जोहान्सबर्गमा जी-20 नेताहरुको शिखर सम्मेलनको पहिलो दिन विश्वको विकासको उद्देश्यले 6 वटा नयाँ पहलहरुको प्रस्ताव राख्नुभयो। जसमा वैश्विक पारंपरिक ज्ञान भंडारको स्थापना, अफ्रीका कौशल गुणक कार्यक्रम, वैश्विक स्वास्थ्य सेवा प्रतिक्रिया दल, नशालु औसधीहरु अनि आतंकवादसित जुझ्नको लागि पहल, ओपन सैटेलाइट डेटा पार्टनरशिप अनि महत्वपूर्ण खनिज परिपत्र पहल सामेल छन्। सम्मेलनको पहिलो दिन दुई सत्रहरुलाई संबोधित गर्नुहुँदै श्री मोदीले भन्नुभयो -यो पहलले सबैको लागि विकास, प्रगति अनि कल्याणको लागि भारतको दृष्टिकोणलाई प्रस्तुत गर्दछ अनि यसले चहुमुखी विकासलाई प्राप्त गर्नमा सहायता पुग्नेछ। समावेशी अनि सतत आर्थिक विकास माथि पहिलो सत्रको अवधि प्रधानमंत्री मोदीले भन्नुभयो कि जी-20 वैश्विक पारंपरिक ज्ञान भंडारले आगामी पीढ़िहरुको लाभका लागि मानवताको  सामूहिक ज्ञानको उपयोग गर्नेछ। अफ्रीका कौशल गुणक कार्यक्रमको उद्देश्य अफ्रीकामा युवाहरुलाई कुशल बनाउनको लागि दस लाख प्रमाणित प्रशिक्षकहरुको एक समूह स्थापित गर्न पर्नेछ| उहाले जी-20 वैश्विक स्वास्थ्य सेवा प्रतिक्रिया दलको गठनको पनि प्रस्ताव राख्नुभयो जसमा प्रत्येक जी-20 देशका स्वास्थ्य विशेषज्ञ शामिल हुनेछन् अनि उनीहरुलाई विश्वको कुनै पनि भागमा स्वास्थ्य चुनौतिहरुसित जुझ्नको लागि तैनात गर्न सकिनेछ। उहाले मादक पर्दार्थहरुको तस्करीको चुनौतीसित जुझ्नको लागि अनि मादक पर्दार्थहरु तथा आतंकवादको गठजोडलाई तोड़नको लागि एक जी-20 पहलको पनि सुझाव दिनुभयो। एक लचीले विश्व माथि दोस्रो सत्रमा प्रधानमंत्री मोदीले क्रिटिकल मिनरल्स सर्कुलरिटी इनिशिएटिवको  निर्माणको प्रस्ताव राख्नुभयो। यो पहलले पुनर्निर्माण, शहरी खनन, सेकेंड-लाइफ बैटरी परियोजनाहरु अनि सम्बन्धित नवाचारहरुलाई बढ़ावा दिनेछ। यस पहलको उद्देश्य आपूर्ति श्रृंखला सुरक्षालाई बलियो बनाउनु अनि विकासको मार्ग प्रशस्त गर्नु रहेको उहाले बताउनुभयो। प्रधानमंत्रीले भन्नुभयो कि भारत स्थिरता अनि स्वच्छ ऊर्जाको लागि पूर्ण रुपमा  प्रतिबद्ध छ। ओपन सैटेलाइट डेटा पार्टनरशिप माथि उहाले भन्नुभयो – यस  कार्यक्रमको माध्यम द्वारा , जी-20 अंतरिक्ष एजेंसिहरुको उपग्रह डेटा विकासशील देशहरु विशेष रूपले ग्लोबल साउथलाई कृषि, मत्स्य पालन, आपदा प्रबंधन अनि अन्य गतिविधिहरुको लागि उपलब्ध गराईनेछ।दोस्रो  सत्रको अवधि श्री मोदीले वैश्विक खाद्य सुरक्षालाई दह्रिलो बनाउनको लागि  जलवायु रूपरेखा माथि व्यापक सामूहिक कार्रवाहीको आह्वान गर्नुभयो अनि  भारतको जी-20 अध्यक्षताको अवधि खाद्य सुरक्षा माथि अपनाईएको  सिद्धांतहरु बारे बताउनुभयो। जलवायु परिवर्तनलाई कृषि अनि वैश्विक खाद्य सुरक्षाको लागि एउटा ठुलो खतरा बताउदै श्री मोदीले विश्वको सबै भन्दा ठुलो  खाद्य सुरक्षा अनि पोषण कार्यक्रम, विश्वको सबै भन्दा ठुलो स्वास्थ्य बीमा योजना अनि व्यापक फसल बीमाको माध्यम द्वारा यी चुनौतिहरुको  समाधान गर्ने दिशामा भारतको प्रयासहरुलाई रेखांकित गर्नुभयो। प्रधानमंत्री मोदीले दक्षिण अफ्रीकाको अध्यक्षतामा जी-20 समूह द्वारा कुशल प्रवास, पर्यटन, खाद्य सुरक्षा, आर्टिफिशियल इंटेलीजेंश, डिजिटल अर्थव्यवस्था, नवाचार अनि महिला सशक्तीकरणको क्षेत्रहरुमा गरिएको कार्यहरुको पनि सराहना गर्नुभयो।

**प्रधानमंत्री-वैश्विक नेता**

प्रधानमंत्री नरेन्द्र मोदीले हिज जोहान्सबर्गमा जी-20 शिखर सम्मेलन देखि छुट्टै बिभिन्न वैश्विक नेताहरुसित भेट गर्नुभयो। एक सोशल मीडिया पोस्टमा प्रधानमंत्रीले भन्नुभयो कि उहाले वैश्विक विकासका लागि साझा प्रतिबद्धता दोहोर्याउन भएको छ। श्री मोदीले ब्रिटेनका प्रधानमंत्री, कीर स्टारमर, मलेशियाका प्रधानमंत्री अनवर इब्राहिम, फ्रांसका राष्ट्रपति इमैनुएल मैक्रों, जर्मनीका चांसलर फ्रेडरिक मर्ज़, दक्षिण कोरियाका राष्ट्रपति ली जे-म्यांग, ब्राजीलका राष्ट्रपति लुईज़ इनासियो लूला दा सिल्वा अनि संयुक्त राष्ट्रका महासचिव अंतोनियो गुतरशडित भेट गर्नुभयो। प्रधानमंत्री मोदीले सिएरा लियोनका राष्ट्रपति जूलियस माडा बायो अनि सिंगापुरका प्रधानमंत्री लॉरेंस वोंग सित पनि भेट गर्नुभयो। श्री मोदीले एक सोशल मीडिया पोस्टमा भन्नुभयो कि प्रधानमंत्री स्टारमरसित उहाको भेट धैरै राम्रो रह्यो। उहाले भन्नुभयो – यस वर्ष भारत-ब्रिटेन साझेदारीमा नयाँ ऊर्जा लिएर आएको छ अनि यसलाई विभिन्न क्षेत्रहरुमा अघि बढ़ाईने छ। मलेशियाका प्रधानमंत्री सित पनि व्यापक चर्चा गरिएको उहाले बताउनुभयो। दुवै देशले द्विपक्षीय सहयोगमा विविधता ल्याउनको लागि मिलेर काम गरिरहने उहाले अझ बताउनुभयो। फ्रांसका राष्ट्रपतिसित विभिन्न मुद्दाहरु माथि गहन चर्चा भएको अनि भारत तथा फ्रांसको सम्बन्ध वैश्विक लाभको लागि एक महत्वपूर्ण शक्ति बनिरहेको उहाले बताउनुभयो।        प्रधानमंत्री नरेन्द्र मोदीले विश्व व्यापार संगठनका

महानिदेशक डॉ. नगोजी ओकोन्जो-इवेला अनि विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अदनोम घेब्रेयससित पनि बातचित गर्नुभयो ।शिखर सम्मेलनको पहिलो सत्रको शुरुआत भन्दा पुर्ब प्रधानमंत्री मोदीले इटलीका प्रधानमंत्री जॉर्जिया मेलोनी सहित धेरै अन्य नेताहरुसित पनि कुराकानी गर्नुभयो ।यसभन्दा पुर्व , जोहान्सबर्गमा जी-20 शिखर सम्मेलन स्थल पुग्नुहुँदा , प्रधानमंत्री मोदीले भब्य स्वागत अनि महत्वपूर्ण शिखर सम्मेलनको आयोजनका लागि दक्षिण अफ्रीकाका राष्ट्रपति सिरिल रामफोसालाई धन्यवाद दिनुभयो ।

## स्वतन्त्र प्रशासक - चण्डीगढ

केन्द्र सरकारले चण्डीगढ केन्द्र शासित प्रदेशलाई संविधानको अनुच्छेद- २४० को परिधि भित्र समावेश गर्ने प्रस्ताव गरेको छ, जसले राष्ट्रपतिलाई केन्द्र शासित प्रदेशको लागि नियम बनाउने र प्रत्यक्ष रूपमा कानून बनाउने अधिकार दिन्छ। यस उद्देश्यका लागि, लोकसभा र राज्यसभाको बुलेटिन अनुसार, डिसेम्बर १, २०२५ देखि सुरु हुने संसदको आगामी शीतकालीन सत्रमा १३१ औं संवैधानिक संशोधन विधेयक, २०२५ पेश गरिनेछ।विधेयकले अण्डमान र निकोबार टापुहरू, लक्षद्वीप, दादरा र नगर हवेली र दमन र दीव, र पुडुचेरी जस्ता अन्य व्यवस्थापिका नभएका केन्द्र शासित प्रदेशहरू जस्तै चण्डीगढलाई धारा २४० को दायरा भित्र ल्याउन खोजेको छ।

## असम सम्झौता - सहमति

आसम सरकार र अखिल असम छात्र संघ (AASU) ले राज्यको क्षेत्राधिकार भित्र पर्ने असम सम्झौताको खंड ६ लाई कार्यान्वयनका लागि उच्चस्तरीय समितिका "अधिकांश सिफारिसहरू" मा सहमति जनाएका छन्।तेस्रो चरणको छलफलको क्रममा, आदिवासी जनजातिहरूको लागि संवैधानिक सुरक्षासँग सम्बन्धित संबंधित खंड ६ लाई समयमै कार्यान्वयनका लागि नयाँ समीक्षा समिति गठन गर्ने निर्णय पनि गरेको छ। न्यायाधीश (सेवानिवृत्त) विप्लव कुमार शर्माको नेतृत्वमा रहेको उच्चस्तरीय समितिको सिफारिसहरूलाई अगाडि बढाउनको लागि मार्गचित्र तयार गर्न पहिले गठित उप-समितिलाई बैठकमा मुख्यमन्त्री हिमंत विश्व शर्मालाई आफ्नो प्रतिवेदन बुझाइएको थियो।

## मणिपुर - सुरक्षा बलहरू

मणिपुरमा, सुरक्षा बलहरूले चन्देल जिल्लाको खेङजोई उपविभागको गोबोक पहाडी श्रृंखलामा ५० एकड अफिम खेती नष्ट गरेको छ। यस कारबाहीमा मणिपुर पुलिस, मणिपुर राइफल्स, आसाम राइफल्स, बीएसएफ र वन विभागको संयुक्त टोलीका साथै लागूऔषध नियन्त्रण ब्यूरोको पनि सहभागिता थियो।अधिकारीहरूको अनुमान छ,नष्ट गरिएको अफिम खेतीको मूल्य अन्तर्राष्ट्रिय बजारमा लगभग १७.५ मिलियन छ।

## गुवाहाटी-67वां संगीत सम्मेलन

संस्कृति मंत्रालयको सहयोगमा प्रसार भारतीले, देश भरीमा 24 केंद्रहरुमा आकाशवाणी संगीत सम्मेलनको आयोजना गरिरहेको छ।यसै श्रृंखलाको एक भाग गुवाहाटीमा आकाशवाणी संगीत सम्मेलनको आयोजन गरियो।
यस अवसरमा संगीतकार रमेन चौधरी मुख्य अतिथिको रुपमा हुनुहुन्थ्यो। गोलपारिया लोकगीत गायिका जोबा चक्रवर्ती दास र बेहालाका कलाकार मनोज बरुवाले दर्शकहरुलाई मन्त्रमुग्ध पारेका थिए। 2025-को संस्करणमा प्रत्येक स्थानमा दुइवटा संगीत कार्यक्रम भइरहेको छ जसमध्ये एउटा भारतीय शास्त्रीय संगीत र दोस्रो लोक संगीतलाई समर्पित गरिएको छ।

## तेजस

दुबई एयर शोमा तेजस लडाकु जेट दुर्घटनामा मारिएका विङ कमाण्डर नमांश स्यालको पार्थिव शरीर शनिबार भारत ल्याइएको छ। संयुक्त अरब अमिरातका लागि भारतीय राजदूत दीपक मित्तल र कन्सुल जनरल सतीश सिवानले विङ

कमाण्डर नमांश स्याललाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। त्यसपछि संयुक्त अरब अमीरातको सुरक्षा बलले भारतीय वायु सेनाको विशेष विमानमा घर फर्कनुअघि मृतक पाइलटलाई औपचारिक रूपमा गार्ड अफ अनर दिए।

**ACITI साझेदारी**

भारत, अष्ट्रेलिया र क्यानडाले अष्ट्रेलिया-क्यानडा-भारत प्रविधि र नवप्रवर्तन (ACITI) साझेदारीको घोषणा गरेका छन्, जुन उदीयमान प्रविधिहरूमा सहयोग बढाउनको लागि एक नयाँ त्रिपक्षीय संरचना हो। यो घोषणा हिजो जोहन्सबर्गमा G20 शिखर सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदी, अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीज र क्यानडाका प्रधानमन्त्री मार्क कार्नी बीचको बैठक पछि भएको हो। सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्री मोदीले यो साझेदारीले प्रमुख प्रविधि र नवप्रवर्तन क्षेत्रहरूमा सहयोग विस्तार गर्न मद्दत गर्ने बताउनुभएको छ।यो संयुक्त पहलले स्वच्छ ऊर्जा, विविधीकरण र आपूर्ति शृङ्खलाहरू, विशेष गरी महत्वपूर्ण खनिजहरू सहित विभिन्न क्षेत्रहरूमा सहयोगलाई सुदृढ पार्न खोज्छ। तीन पक्षले कृत्रिम बुद्धिमत्ताको विकासलाई व्यापक रूपमा अपनाउने तरिकाहरू पनि खोज्नेछन्।
तीनवटै सरकारहरूको संयुक्त विज्ञप्ति अनुसार, ACITI साझेदारीले प्रत्येक देशको प्राविधिक र औद्योगिक शक्तिहरूको लाभ उठाउनेछ र सुरक्षित र दिगो भविष्यको लागि साझा उद्देश्यहरूलाई समर्थन गर्नेछ। ACITI ले शून्य कार्बन उत्सर्जन हासिल गर्ने, विश्वव्यापी आपूर्ति शृङ्खलाहरूको विविधीकरणलाई समर्थन गर्ने र सुरक्षित प्राविधिक पारिस्थितिक प्रणालीलाई प्रोत्साहन दिने लक्ष्य राखेको छ।

ब्याडमिन्टन

भारतीय शटलर लक्ष्य सेन अस्ट्रेलियन ओपनको पुरुष एकलको फाइनलमा पुगेका छन्। सेनले हिजो सिड्नीमा भएको सेमिफाइनलमा चाइनिज ताइपेईका चाउ तेइन-चेनलाई १७-२१, २४-२२, २१-१६ ले पराजित गरे। सेनले आज फाइनलमा जापानका युशी तनाकासँग सामना गर्नेछन्।क्वार्टरफाइनलमा आफ्नै भारतीय आयुष शेट्टीलाई पराजित गरेपछि, लक्ष्य सेन प्रतियोगितामा बाँकी रहेका एक मात्र भारतीय शटलर हुन्। चिराग शेट्टी र सात्विकसाईराज रन्किरेड्डीको पुरुष डबल्स जोडी पनि क्वार्टरफाइनलमा पराजित भयो र प्रतियोगिताबाट बाहिरियो।

**हॉकी-सुल्तान अजलान कप**

31 औ सुल्तान अजलान शाह कप हॉकी टूर्नामेंटको पहिलो म्याचमा भारतीय पुरुष टीमको भिडन्त आज दक्षिण कोरियासित हुनेछ। मलेशियाको इपोहमा यो म्याच भारतीय समय अनुसार अपरान्ह 1 बजेर 30 मिनेट जाँदा शुरू हुनेछ। यो टूर्नामेंट 30 नवम्बर सम्म चल्नेछ। भारतले यस टूर्नामेंटमा पांच पल्ट जीत दर्ता गरेको छ। यस वर्ष भारत, बेल्जियम, कनाडा, कोरिया, न्यूज़ीलैंड अनि मलेशियाले राउंड-रॉबिन प्रारूपमा प्रतिस्पर्धा गर्नेछन्। भारतीय टीमको भिडन्त भोलि दोस्रो म्याचमा बेल्जियम सित , 26 नवम्बरको दिन मलेशिया सित अनि 27 नवंबरको दिन न्यूज़ीलैंडसित हुनेछ। लीग स्टेजको अंतिम म्याचमा भारतको भिडन्त 29 नवंबरमा कनाडासित हुनेछ।